नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

## प्रेस विज्ञप्ती

मितिः- २०७६/०२/०६

**जिल्ला रसुवा, साविक यार्सा गा.वि.स. वडा नं. ६ हाल नौकुण्ड गाउँपालिका वडा नं. १ रसुवा बस्ने बर्ष ३० को शेर ग्याल्वो घलेले चोरी पैठारी गरी ल्याएको ७ के.जि. सुनको हुन आउने रु. ७,११,७६,०००।- विगो कायम गरी राजस्व चुहावट तथा विदेशी विनिमय अपचलनको कसुरमा रसुवा जिल्ला अदालतमा मिति २०७६।०२।०६ गते मुद्दा दर्ता ।**

रसुवागढीबाट स्याफ्रुतर्फ आउदै गरेको ना. ६ ख ९०६८ नम्बरको कन्टेनर डिब्बामा विना विल विजक लुकाई छिपाइ ल्याउदै गरेको ७ के.जि. सुन बरामद गरी विभागमा नेपाल प्रहरीबाट दाखिला भई अनुसन्धान गर्दा प्रतिवादी शेर ग्याल्वो घलेले आयात प्रज्ञापन पत्र तथा भन्सार तिरेको रसिद निस्सा दाखिला गर्न नसकेकोले प्रतिबादीको साथबाट बरामद भएको रु ३,५५,८८,०००।- (अक्षरुपी तीन करोड पचपन्न लाख अठासी हजार रुपैया) बराबरको सुनको नियमानुसार लाग्ने र बुझाउनु पर्ने राजस्व चुहावट गरेको पुष्टि हुनुका साथै विदेश चाइनाबाट सुन खरिद गर्न सोही रकम बराबरको विदेशी विनिमय गैरकानुनी तबरबाट अपचलन गरेको पुष्टि हुन आएकोले निज प्रतिबादी जिल्ला रसुवा, साविक यार्सा गा.वि.स. वडा नं. ६ हाल नौकुण्ड गाउँपालिका वडा नं. १ रसुवा बस्ने बर्ष ३० को शेर ग्याल्वो घलेको उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ३, ४(क), ४(ग) तथा विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा ३ र ९ग विपरित कसुर समेत गरेको देखिदा निज प्रतिबादी जिल्ला रसुवा, साविक यार्सा गा.वि.स. वडा नं. ६ हाल नौकुण्ड गाउँपालिका वडा नं. १ रसुवा बस्ने शेर ग्याल्वो घलेलाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन

२०५२ को दफा ३३ बमोजिम निजहरुबाट बरामदी दशी जफत हुन तथा ऐ ऐनको दफा २३ बमोजिम प्रतिबादीलाई सजाय गरी र विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा १७(१) तथा १७(९) बमोजिम थप सजाय समेत गरी पाउन मिति २०७६।०२।०६ मा श्री रसुवा जिल्ला अदालत, रसुवामा मुद्दा दर्ता गरिएको ।

| सि.नं. | अभियुक्तहरुको नाम | विगो रकम | सजाय जरिवाना माग दावी | विगो र जरिवाना समेत जम्मा रकम | कैद माग दावी |
|---|---|---|---|---|---|
| १. | **शेर ग्याल्वो घले** | **३,५५,८८,०००।—** (राजस्व चुहावट) **३,५५,८८,०००।—** (विदेशी विनिमय अपचलन) | **७,११,७६,०००।—** सम्म (राजस्व चुहावट) **१०,६७,६४,०००।—** सम्म (विदेशी विनिमय अपचलन) | **१७,७९,४०,०००।-** | राजस्व चुहावटको कसुरमा ३ वर्ष सम्म कैद विदेशी विनिमयको कसुर ३ वर्ष सम्म कैद |
| | **जम्मा** | **७,११,७६,०००।-** | | **१७,७९,४०,०००।-** | |